

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २९५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ मंसिर ५ गते शनिबार ❑ 21 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

प्यारापाइलट उत्पादन गर्न माछापुच्छेमा खुल्यो प्याराग्लाइडिङ स्कुल

पोखरापत्र संवाददाता
पोखरा, ४ मंसिर

कास्कीको माछापुच्छ्रे गाउँपालिका-५ रिभानमा प्याराग्लाइडिङ प्रशिक्षण केन्द्र (प्याराग्लाइडिङ स्कुल) सञ्चालनमा आएको छ।

पोखरामा प्याराग्लाइडिङ व्यावसायिक उडान सुरु भएको करिब तीन दशकपछि दक्ष प्यारापाइलट उत्पादन गर्ने उद्देश्यले जिल्लामै पहिलोपटक स्थापना गरिएको यस स्कुलले स्वदेशमै दक्ष प्यारापाइलट उत्पादनमा योगदान गर्नेछ।

पोखरा साहसिक पर्यटनको विश्वप्रसिद्ध गन्तव्य हो । पोखरामा प्याराग्लाइडिङ पर्यटनलाईथपव्यवस्थितरविस्तार गर्ने उद्देश्यसहित एरोडाइनामिक प्याराग्लाइडिङ प्रालिले माछापुच्छ्रे गाउँपालिकासँगको सहकार्यमा रिभानस्थित मैँचेडाँडामा बिहीबारदेखि स्कुल सञ्चालनमा ल्याएको हो । पोखरामा व्यावसायिक प्याराग्लाइडिङ उडान सुरु भएको लामो समय बितिसक्दा पनि दक्ष पाइलट उत्पादन गर्ने औपचारिक प्रशिक्षण स्कुलको थिएन । प्याराग्लाइडिङका अन्तरराष्ट्रिय खेलाडीसमेत रहनुभएका विजय गौतम, विष्णु गौतम, किरण कार्की र अमृत अधिकारीले रु एक करोड ५० लाख लगानीमा स्कुल स्थापना गर्नुभएको हो। प्रशिक्षण केन्द्रका लागि अझै काम बाँकी रहेकाले लगानी अझै बढ्ने बताइन्छ । स्कुलका सञ्चालक विजय गौतमका अनुसार रिभानस्थित मैँचेडाँडाबाट उडान भरी मर्दीखोलाको किनारमा रहेको अनन्तठाँटीमा अवतरण गर्ने व्यवस्था मिलाइएको छ । समुद्री सतहबाट एक हजार ६८० मिटरको उचाइमा रहेको मैँचेडाँडा प्याराग्लाइडिङ उडानका लागि उपयुक्त स्थान मानिएको छ।



यहाँबाट माछापुच्छ्रे र अन्नपूर्ण हिमशृङ्खलासँगै माछापुच्छे गाउँपालिकाका लाहाचोक, ल्वाङ, अस्तामलगायतका पर्यटकीय क्षेत्र तथा पोखरा उपत्यकाको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । "हिमालको सुन्दर दृश्यसँगै उडानको अनुभव लिन सकिने भएकाले रिभानलाई प्याराग्लाइडिङ स्कुलका लागि छनोट गरेका हौँ । लामो प्रक्रियापछि यो सम्भव भएको हो । यसबाट विशेषगरी दक्ष पाइलट उत्पादनमा सहयोग पुग्नेछ भने आगामी दिनमा व्यावसायिक उडानको समेत ढोका खुल्नेछ", सञ्चालक गौतमले भन्नुभयो।

स्कुलले प्रारम्भिक १५ दिने तालिमदेखि इन्टरमिडियट, क्रस कन्ट्री तथा टेन्डमका टी-वान र टी-टु तहसम्मका प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने जनाएको छ। एक सत्रमा छ जनालाई प्रशिक्षण दिने व्यवस्था मिलाइएको गौतमले जानकारी दिनुभयो । हाल पोखरामा ५४ वटा प्याराग्लाइडिङ कम्पनी सञ्चालनमा छन् । ४०० जनाले पाइलटको लाइसेन्स लिएकामा २५० जना विभिन्न कम्पनीमा कार्यरत रहेको नेपाल हवाई खेलकुद संस्था (ना)का पूर्वअध्यक्ष कृष्ण भण्डारीले बताउनुभयो । पोखराको प्याराग्लाइडिङ हाल सराङकोबाट सञ्चालन हुँदै आएको छ । प्याराग्लाइडिङका लागि अन्तरराष्ट्रियस्तरमा परिचित पोखरामा पाइलट उत्पादन गर्ने प्रशिक्षण स्कुल स्थापना हुनु यस क्षेत्रको दीर्घकालीन विकासका लागि महत्वपूर्ण उपलब्धि भएको भण्डारीको भनाइ छ । "प्याराग्लाइडिङ व्यवसायलाई दिगो बनाउन बर्सेनि दक्ष पाइलट उत्पादन हुनु आवश्यक छ । पोखरामा यसअघि प्रशिक्षण केन्द्र थिएनन्। यहीं स्कुल स्थापना भएपछि यस क्षेत्रलाई आवश्यक जनशक्ति उत्पादनमा विशेष सहयोग पुग्नेछ भने विदेशी पर्यटकसमेत यहाँ आएर प्रशिक्षण लिन सक्नेछन्", भण्डारीले भन्नुभयो । गण्डकी प्रदेशसभा सदस्य प्रकाश बरालले पोखराको सराङकोटपछि रिभान पनि प्याराग्लाइडिङको अर्को आकर्षक गन्तव्यका रूपमा विकास हुनसक्ने बताउनुभयो । प्याराग्लाइडिङले पोखराको पर्यटन र समृद्धिमा पुऱ्याएको योगदान माछापुच्छे गाउँपालिकासम्म विस्तार हुने उहाँको विश्वास छ।

"प्रदेश सरकारले यहाँ पूर्वाधारलगायतका क्षेत्रमा लगानी गरेको छ । प्याराग्लाइडिङको विकास र विस्तारका लागि आवश्यक पूर्वाधार निर्माणमा आगामी दिनमा पनि सहयोग गर्नेछौं", उहाँले भन्नुभयो । माछापुच्छे गाउँपालिकाका अध्यक्ष मीनबहादुर गुरुङले प्याराग्लाइडिङ प्रशिक्षण केन्द्र सञ्चालनले स्थानीय पर्यटन प्रवर्द्धनसँगै आर्थिक गतिविधि बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । विगतमा पदयात्रा मार्गका रूपमा परिचित रिभान पछिल्लो समय ओझेलमा परेको उल्लेख गर्दै उहाँले यस क्षेत्रको विकासमा गाउँपालिकाले ध्यान दिने बताउनुभयो।

माछापुच्छे गाउँपालिका-५ का वडाध्यक्ष नारायण पौडेलले रिभानको प्याराग्लाइडिङस्थलमा पर्यटन विकासको प्रशस्त सम्भावना रहेको बताउनुभयो । वडाको पहलमा प्रदेश सरकारको सहयोगमा सहिद पार्क निर्माण गरिएको उल्लेख गर्दै उहाँले पर्यटकको बसाइ लम्ब्याउन ओदानेसम्मको पर्यटकीय मार्ग स्तरोन्नति गरी खुमैसम्म जोड्नुपर्ने आवश्यकता औँल्याउनुभयो।"प्याराग्लाइडिङमा पर्यटकको आकर्षण बढिरहेको अवस्थामा दक्ष जनशक्ति उत्पादन, नयाँ उडानस्थलको विकास र ग्रामीण पर्यटन विस्तारका दृष्टिले रिभानमा खुलेको स्कुल महत्वपूर्ण छ । यसबाट समग्र माछापुच्छे गाउँपालिकाले लाभ लिन सक्छ", वडाध्यक्ष पौडेलले भन्नुभयो।

माछापुच्छे गाउँपालिका-८ का वडाध्यक्ष राम गुरुङले गाउँपालिका पदयात्रा पर्यटनसँगै साहसिक पर्यटनमा समेत सम्भावना बोकेको क्षेत्र भए पनि यसको विकासका लागि प्रदेश तथा सङ्घीय सरकारबाट अपेक्षित सहयोग प्राप्त हुन नसकेको बताउनुभयो। स्थानीय समाजसेवी यामबहादुर गुरुङले प्याराग्लाइडिङ स्कुल सञ्चालनले पर्यटक आगमन बढाउनुका साथै रोजगारी र उद्यमशीलताका अवसर सिर्जना गर्ने विश्वासमा आफूहरू रहेको बताउनुभयो। यसले गाउँ छाडेर बाहिरिएका स्थानीयलाई समेत गाउँ फर्किएर व्यवसाय सञ्चालन गर्ने वातावरण बनाउन सक्ने उहाँको भनाइ छ । "गाउँका अधिकांश बजार झरेपछि अहिले रिभान गाउँ रित्तो भएको छ । अब गाउँमै सम्भावना बढेपछि गाउँ छाडेर गएका पनि आफ्नै थातथलोमा फर्केलान् भनेर खुसी भएका छौं", गुरुङले भन्नुभयो।

रिभानको मैँचेडाँडा पुग्न पोखराबाट जीपमा एक घण्टा यात्रा गर्नुपर्छ । लाहाचोकको पातीखोला पुगेपछि डाँडा चढ्नुपर्छ । डाँडामा पुगेपछि देखिने दृश्यले सबैलाई मोहित पार्ने गरेको छ।

प्रधानमन्त्री शाह भारतको राजकीय भ्रमणमा आइतबार नयाँदिल्ली जानुहुँदै

रासस
काठमाडौं, ४ मंसिर

प्रधानमन्त्री बालेन्द्र शाहले आगामी आइतबार भारतको राजकीय भ्रमणमा जानुहुने भएको छ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा प्रधानमन्त्री शाहले भारतको द्विदिवसीय भ्रमण गर्न लाग्नुभएको हो।

परराष्ट्र मन्त्रालयका अनुसार उहाँ नेतृत्वको प्रतिनिधिमण्डल नेपाल वायुसेवा निगमको विमानबाट नयाँदिल्ली प्रस्थान गर्नेछ । प्रतिनिधिमण्डलमा अर्थमन्त्री डा स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार बेन्जनकारलगायत नेपाल सरकारका वरिष्ठ अधिकारी सहभागी हुनुहुनेछ । भ्रमणका क्रममा प्रधानमन्त्री शाहले भारतका राष्ट्रपति द्रौपदी मुर्मुसँग शिष्टाचार भेट गर्नुहुनेछ भने प्रधानमन्त्री मोदीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुहुने कार्यक्रम छ। प्रधानमन्त्री मोदीले प्रधानमन्त्री शाहको सम्मानमा दिवाभोजको आयोजना गर्नुहुनेछ। प्रधानमन्त्री शाहसँग भारतका विदेशमन्त्री एस जयशङ्करले पनि शिष्टाचार भेट गर्नुहुनेछ । सांस्कृतिक निकटता तथा जनस्तरको घनिष्ठ सम्बन्धमा आधारित नेपाल र भारतबीचको लामो समयदेखिको मैत्रीपूर्ण सम्बन्ध प्रधानमन्त्री शाहको भ्रमणबाट अझ सुदृढ हुने अपेक्षा गरिएको छ।



त्यस क्रममा दुई देशबीचको बहुआयामिक सहकार्यको समीक्षा गर्दै पारस्परिक लाभका क्षेत्रमा सहकार्यलाई अघि बढाउने विषयमा छलफल हुने परराष्ट्र मन्त्रालयले केहीबेरअघि जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ। प्रधानमन्त्री शाह मङ्सिर ७ गते स्वदेश फर्कने कार्यक्रम छ।

संविधानको मर्म बमोजिम स्थानीय तह र प्रदेशसभाको निर्वाचन हुन्छः आयोग

रासस
काठमाडौं, ४ मंसिर

निर्वाचन आयोगले संविधान र कानुनको मर्म बमोजिम स्थानीय तह र प्रदेशसभाको निर्वाचन हुने स्पष्ट गरेको छ। राष्ट्रिय मान्यता प्राप्त दलका शीर्ष नेताहरूसँग आज यहाँ आयोजित कार्यक्रममा निर्वाचनको सम्भावित मितिबारे छलफल भएको हो।

छलफल पश्चात् आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले स्थानीय र प्रदेशसभाको निर्वाचन एकै समयमा हुनुपर्ने र सम्बन्धित तहका जनप्रतिनिधिको कार्यकाल समाप्त हुनुभन्दा दुई महिना अगावै गर्नुपर्ने संविधानको मर्मअनुसार परामर्श भएको बताउनुभयो। सो विषयमा आन्तरिक छलफलपछि आयोग र सरकारलाई ठोस सुझाव दिने शीर्ष नेताहरूले विश्वास दिलाउनुभएको उहाँको भनाइ छ।

प्रवक्ता भट्टराईले योग्य मतदाता कोही पनि मतदाता नामावलीमा छुट्न नहुने र एउटै मतदाताको नाम दोहोरिन नहुने विषयलाई आयोगले प्राथमिकतामा राख्नुका साथै आयोगद्वारा गरिएका सुधारात्मक कामबारे नेताहरुलाई जानकारी गराइएको जानकारी दिनुभयो। मतदाता नामावलीलाई राष्ट्रिय परिचयपत्रसँग अन्तरसम्बन्धित गराइएको उल्लेख गर्दै उहाँले नामावलीलाई थप व्यवस्थित र त्रुटिरहित बनाउने काम अघि बढाइएको जानकारी दिनुभयो।


प्रवक्ता भट्टराईले देशको कूल जनसंख्यामा महिलाको संख्या बढी रहे पनि मतदाता नामावलीमा भने पुरुष मतदाताको संख्या बढी देखिएको अवस्थाबारे पनि जानकारी गराउनुभयो । मतदाता नामावलीमा देखिएका यस्ता असन्तुलन र सुधार गर्नुपर्ने विषय छलफलमा प्रस्तुत गरिएको उहाँको भनाइ छ।

निर्वाचन आयोगको प्रतिवेदन गण्डकी प्रदेश प्रमुख समक्ष पेस

पोखरापत्र संवाददाता
पोखरा, ४ मंसिर

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टसमक्ष निर्वाचन आयोगको प्रतिवेदन पेस गरिएको छ।

आयोगका प्रदेश निर्वाचन कार्यालय, गण्डकीका निर्वाचन अधिकारी जीवन ज्ञवालीले शुक्रबार एक कार्यक्रमका बीच प्रदेश प्रमुख भट्टलाई आयोगको २० औं वार्षिक प्रतिवेदन पेस गर्नुभयो । नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदन पेस भएको हो। प्रतिवेदन बुझ्नुहुँदै प्रदेश प्रमुख भट्टले स्थानीय तह निर्वाचनको तयारीमा जुटेको आयोगले यस सम्बन्धित कामकारबाही द्रुत गतिमा अघि बढाएको विश्वास व्यक्त गर्नुभयो । 'निर्वाचन आयोगको जिम्मेवारी महत्वपूर्ण छ । जनप्रतिनिधि निर्वाचित गर्ने जिम्मेवारी सानो होइन। मुलुकको शासन सञ्चालनको आधार तयार गर्ने महत्वपूर्ण पक्ष निर्वाचन आयोग हो।' प्रदेश प्रमुख भट्टले भन्नुभयो । निर्वाचन आयोगका काम कारबाही बढी सचेततापूर्वक, गम्भिरतापूर्वक हुनुपर्ने उल्लेख गर्नुहुँदै उहाँले धाँधलीरहित ढंगले निष्पक्षपूर्वक निर्वाचन गर्नु, सुरक्षित तबरले मतपेटिका मतगणनास्थल पुऱ्याउनु, मत गणना गरी नतिजा सार्वजनिक गर्ने जस्ता काम पक्षपातरहित हुनुपर्नेमा आयोगको विशेष ध्यान रहने विश्वास व्यक्त गर्नुभयो । प्रदेश निर्वाचन अधिकारी ज्ञवालीले गत माघ ११ गतेको राष्ट्रियसभा निर्वाचन र फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचन परिणामको सारांश प्रस्तुत गर्नुभयो । अबको स्थानीय तह निर्वाचनका लागि आयोग तयारीमा जुटिसकेको उल्लेख गर्नुभयो।



थप हवाइ रुट र पोखराबाट अन्तर्राष्ट्रिय उडान सुनिश्चिताको निम्ति प्रधानमन्त्रीको ध्यानाकर्षण

पोखरापत्र संवाददाता
पोखरा, ४ मंसिर



पोखरा उद्योग वाणिज्य संघले प्रधानमन्त्री बालेन्द्र शाहको आसन्न भारत भ्रमणको क्रममा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट भारतीय सहरमा सिधा उडान तथा हवाइ रुट सुनिश्चितताको पहल गर्न माग गरेको छ।

संघले शुक्रबार कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङमार्फत प्रधानमन्त्री बालेन्द्र शाहलाई ध्यानाकर्षण पत्र पेषित गर्दै हवाइ रुट प्राप्तिसँगै भारतीय सहरमा सिधा उडान भर्न तथा ती सहरबाट पोखरामा पर्यटक भित्र्याउनका निम्ति आवश्यक पैरवी गर्नका निम्ति नेपाल उद्योग वाणिज्य महासंघमार्फत् भारतको निजी क्षेत्रसँग पैरवी गर्ने प्रतिवद्धता पनि जनाएको छ। पोखरा उद्योग वाणिज्य संघकी अध्यक्ष शोभा गौतमको नेतृत्वमा वाणिज्य उपाध्यक्ष मनोजकुमार श्रेष्ठ,महासचिव सुदीप प्रधानाङ्ग तथा कोषाध्यक्ष देवेन्सन प्रजूसहितको प्रतिनिधिमण्डलले प्रधानमन्त्री कार्याललाई प्रेषित गरेको ध्यानाकर्षण पत्रमा पोखरा उद्योग वाणिज्य संघले विमानस्थल निर्माण र संचालनको लागि गरेको लामो आन्दोलन र पैरवीको स्मरणसमेत गरिएको छ।

'भ्रमणको क्रममा देशको आर्थिक हित,द्विपक्षीय व्यापार,उर्जा,पारवहन तथा थप हवाइ रुटबारे विभिन्न सहमति हुने हाम्रो जानकारीमा आएको छ। सम्माननीय प्रधानमन्त्रीज्यूबाट देशको हित हुने गरी उचित निर्णय गर्नुहुनेमा पनि हामी विश्वस्त छौं,'ध्यानाकर्षणपत्रम भनिएको छ,'सम्माननीय प्रधानमन्त्रीज्यूको भ्रणको एजेण्डामा पोखरा-भैरहवा द्रूतमार्ग निर्माण र पोखरा विमानस्थलबाट भारतीय सहरहरुमा सिधा उडानका एजेण्डाहरु समावेश भएकोमा हामी हर्षित छौं। यी एजेण्डाहरुमा मित्रराष्ट्र भारतले सदासयता प्रदर्शन गर्नेछ र नेपालको तर्फबाट प्रस्तुत हुने हवाइ रुट प्राप्ति र द्रूतमार्ग निर्माणको हाम्रो सपना पूरा हुनेछ भन्ने हामीलाई विश्वास छ।' ध्यानाकर्षण पत्रमा अगाडि भनिएको छ,'छोटो र इन्धन कम खपत हुने हवाइ मार्ग उपलब्ध नहुँदा यहाँबाट भारतको वाराणसी,दिल्लीलगायतका सहरमा सिधा उडान हुन सकेको छैन।

प्रधानमन्त्रीज्यूबाट हुन लागेको भारतको राजकीय भ्रमणको क्रममा ती अप्ठेरा फुकाउने जिम्मेवारी यहाँले संस्कृति,पर्यटन तथा नागरिक उड्डयनमन्त्री माननीय श्री खड्गराज पौडेलज्यूलाई प्रदान गर्नुभएको हाम्रो जानकारीमा रहेको छ।

पोखरेली हुनुको नातालेमाननीय मन्त्रीज्यूले यहाँको निर्देशनमा पोखराको पर्यटन उद्योगका निम्ति अपरिहार्य रहेको भारतका सहरमा सिधा उडानको अनुमति र हवाइ रुट प्राप्तिमा निम्ति अधिकतम् प्रयत्न गर्नुहुने हाम्रो विश्वास रहेको छ।'



तोरण तार्दै भक्तजनः हरिबोधनी एकादशी पर्वका अवसरमा आज पोखराको तुलसीघाटस्थित सेती नदीमा तोरण तार्दै भक्तजन। तस्बिरः धनबहादुर गुरुङ/रासस

फोहरलाई स्रोतका रूपमा उपयोग गर्न प्रेरित गर्दै 'आरयू फेस्ट'

पोखरापत्र संवाददाता
पोखरा, ४ मंसिर



फोहरलाई व्यवस्थापन गर्नुपर्ने समस्याका रूपमा मात्र नभई आर्थिक मूल्य सिर्जना गर्न सकिने स्रोतका रूपमा उपयोग गर्न पोखरामा आयोजित 'आरयू फेस्ट-२०२६' ले प्रेरित गरेको छ।

फोहरजन्य वस्तुको पुनःप्रयोग र प्रशोधनमार्फत उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा वातावरण संरक्षणको सन्देशदिनपोखरामहानगरपालिकाले बुधबार र बिहीबार दुईदिने उत्सव आयोजना गरेको हो। कोरिया अन्तरराष्ट्रिय सहयोग नियोगको आर्थिक तथा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा सञ्चालित 'रिसाइक्लिङ र अपसाइक्लिङमार्फत हरित रोजगारी सिर्जना परियोजना' अन्तर्गत आयोजित यो दोस्रो संस्करण हो। उत्सवमा पुनःप्रयोग र प्रशोधनबाट तयार पारिएका सामग्रीको प्रदर्शनी तथा बिक्री, फेसन शो, नाटक, कार्यशाला, खेल तथा कलासम्बन्धी गतिविधि सञ्चालन गरिएका थिए।

पहिरपतिकाले परम्परागत सोच परिवर्तन गरी त्यसको उपयोगिता र सम्भावना पहिचान गर्न उत्सवले सहयोग पुगेको अवलोकनकर्ताले बताएका छन्। पोखरा महानगरपालिका-१८ सराङकोटका सूर्यप्रसाद तिमिल्सिनाले फोहरको सदुपयोगसम्बन्धी ज्ञान, सीप, प्रविधि र नवप्रवर्तनबारे जानकारी लिन उत्सव उपयोगी भएको बताउनुभयो। "हरेक व्यक्ति र परिवारमा यसरी नै सचेतना पुऱ्याउन सकियो भने घरघरबाट निस्कने फोहरमा धेरै कमी आउँछ", उहाँले भन्नुभयो, "यस्तो उद्यममा लागेकाहरूलाई प्रोत्साहित गर्ने नीति राज्यले ल्याउनुपर्छ।"

एसओएस हर्मन माइनर विद्यालय गण्डकीमा कक्षा १० मा अध्ययनरत छात्रा ग्रिष्मा चिलुवालले उत्सवले फोहरप्रतिको नकारात्मक सोच परिवर्तन गर्न सहयोग गरेको बताउनुभयो। फोहरलाई पुनःप्रयोग गरेर उपयोगी सामग्री बनाउन सकिने कुरा उत्सवबाट सिक्न पाएको उहाँको भनाइ थियो। पुराना पत्रिकाबाट सीसाकलम उत्पादन गर्दै आउनुभएकी उद्यमी सिर्जना तिवारीले आफ्ना उत्पादनको प्रदर्शनी तथा बजारीकरणका लागि उत्सव उपयोगी भएको बताउनुभयो। उहाँसहित पाँच जना महिलाले डेढ वर्षदेखि 'पोखरेली सीसाकलम' उद्यम सञ्चालन गर्दै आएका छन्।

"पढिसकेपछि खेर जाने पत्रिकालाई पुनःप्रयोग गरेर सीसाकलम उत्पादन गर्दै आएका छौं", उहाँले भन्नुभयो, "स्टेशनरी पसल, विद्यालय र होटलबाट माग आउने गरेको छ। बजारमा पाइने अन्य सीसाकलमभन्दा यसको मूल्य केही बढी छ।"

उत्सवमा प्लास्टिक, बोतल, कपडा र कागजलगायत फालिएका वस्तु पुनःप्रयोग तथा प्रशोधन गरेर बनाइएका सामग्री प्रदर्शनी तथा बिक्रीमा राखिएका थिए। फोहरबाट बनाइएका खेलौनादेखि इकोब्रिकसम्मका सामग्रीले पुनःप्रयोगको सम्भावना देखाएका थिए।

अपसाइकल फेसन शोदेखि नाटकसम्म

उत्सवमा फोहरजन्य वस्तुबाट उत्पादित सामग्रीको प्रदर्शनी र बिक्रीसँगै दिगो फोहर व्यवस्थापन, चक्रीय अर्थतन्त्र तथा प्लास्टिक प्रदूषण न्यूनीकरणसम्बन्धी गतिविधि पनि सञ्चालन गरिएका थिए। पुराना तथा प्रयोगविहीन कपडाबाट तयार पारिएका पहिरनमा युवायुवतीले प्रस्तुत गरेको अपसाइकल फेसन शो आकर्षणको केन्द्र बनेको थियो। प्रयोग भइसकेका कपडा र अन्य सामग्रीलाई पुनःप्रयोग गरी तयार पारिएका पोसाक तथा झोलाको प्रदर्शन गरिएको उक्त कार्यक्रममा विद्यार्थी तथा मुख्यमन्त्रीलगायतले अवलोकन गरेका थिए। पोखरा थिएटरले 'आरयू' नाटक मञ्चन गरेको थियो भने बालबालिकामा फोहर व्यवस्थापन, पुनःप्रयोग र वातावरण संरक्षणसम्बन्धी चेतना अभिवृद्धि गर्ने उद्देश्यले तयार पारिएको कथापुस्तक पनि विमोचन गरिएको थियो। उत्सवमा सहभागी गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले फोहरलाई विसर्जन गर्नुपर्ने वस्तुका रूपमा मात्र हेर्ने परम्परागत सोच परिवर्तन गर्न उत्सवले सहयोग गरेको बताउनुभयो। फोहरको पुनःप्रयोग र प्रशोधनबाट नयाँ उत्पादन तथा रोजगारी सिर्जना गर्न सकिने उहाँको भनाइ थियो। विश्वले सामना गरिरहेका प्रमुख वातावरणीय चुनौतीमध्ये फोहर व्यवस्थापन पनि एक भएको उल्लेख गर्दै उहाँले प्राकृतिक स्रोतको संरक्षण, स्थानीय उद्यमशीलताको विकास र रोजगारी सिर्जनाका लागि फोहरलाई मोहरमा रूपान्तरण गर्नुपर्नेमा जोड दिनुभयो। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले रिसाइक्लिङ तथा अपसाइक्लिङमा आधारित उद्यमलाई बजारसम्म पहुँच र बिक्रीका अवसर उपलब्ध गराउने उद्देश्यले उत्सव आयोजना गरिएको बताउनुभयो। उत्सवले फोहर व्यवस्थापनमा संलग्न उद्यमी, पर्यटन क्षेत्र, निजी कम्पनी तथा सर्वसाधारणबीच सम्बन्ध र सहकार्य विस्तार गर्न सहयोग पुगेको उहाँको भनाइ थियो।

फोहरको पुनःप्रयोग र प्रशोधनबाट नयाँ उत्पादन, रोजगारी सिर्जना तथा चक्रीय अर्थतन्त्रको विकास गर्न परियोजना सञ्चालन गरिएको उहाँले बताउनुभयो।

परियोजनाका सहजकर्ता नेत्र तिमिल्सिनाका अनुसार उत्सवमा रिसाइक्लिङ तथा अपसाइक्लिङसम्बन्धी उद्यमका ४२ वटा बिक्री तथा प्रदर्शनीकक्ष राखिएका थिए।

फोहरलाई समस्याका रूपमा मात्र नभई पुनःप्रयोग र प्रशोधनमार्फत आर्थिक तथा वातावरणीय मूल्य सिर्जना गर्न सकिने स्रोतका रूपमा स्थापित गर्नु उत्सवको मुख्य उद्देश्य रहेको उहाँले बताउनुभयो।

परियोजनाले प्रयोग गर्ने र फाल्ने परम्परागत अभ्यासको सट्टा चक्रीय अर्थतन्त्रमा आधारित रिसाइक्लिङ तथा अपसाइक्लिङ उद्यम स्थापनामा जोड दिएको छ। यस परियोजनामार्फत तीन हजार जनालाई प्रत्यक्ष रोजगारीमा जोड्ने लक्ष्य राखिएको छ।

सहजकर्ता तिमिल्सिनाका अनुसार पोखरामा हाल रिसाइक्लिङ तथा अपसाइक्लिङमा आधारित २३ वटा उद्यम तथा व्यवसाय सञ्चालनमा छन्। त्यस्ता उद्यमलाई परियोजनामार्फत प्राविधिक तथा उपकरण सहयोग उपलब्ध गराइँदै आएको छ।

परियोजनाअन्तर्गत पोखरा प्रदर्शनी केन्द्रमा निर्माणाधीन ग्रिन भेन्चर जोनलाई रिसाइक्लिङ तथा अपसाइक्लिङसम्बन्धी सिकाइ केन्द्रका रूपमा विकास गरिने भएको छ। उक्त केन्द्रबाट उद्यमीले व्यावसायिक परामर्श, प्रशिक्षण, व्यवसाय प्रवर्द्धन तथा बजार पहुँच विस्तारका अवसर प्राप्त गर्ने महानगरपालिकाले जनाएको छ। स्थानीय स्तरमै फोहरलाई मूल्यवान् स्रोतका रूपमा रूपान्तरण गरी चक्रीय अर्थतन्त्र सुदृढ बनाउने, वातावरणीय प्रदूषण न्यूनीकरण गर्ने तथा हरित आर्थिक विकासमा योगदान पुऱ्याउने अपेक्षा परियोजनाले गरेको छ।

नेपाल पर्यटन पत्रकार संघको अध्यक्षमा बास्तोला

पोखरापत्र संवाददाता
पोखरा, ४ मंसिर



पोखरामा नेपाल पर्यटन पत्रकार संघ गठन भएको छ। हरिप्रसाद बास्तोलाको अध्यक्षतामा १५ सदस्यीय तदर्थ समिति गठन भएको संघले शुक्रबार जिल्ला प्रशासन कार्यालय कास्कीबाट दर्ता प्रमाणपत्र प्राप्त गरेको छ।

संघको उपाध्यक्षमा गोविन्द सुवेदी र कृष्ण श्रेष्ठ रोजी छन्। त्यस्तै महासचिवमा घनश्याम पाण्डे, सचिवमा एकराज गिरी र समावेशी सचिवमा विजय नेपाली चयन भएका छन्। कोषाध्यक्षमा चन्द्रिका घिमिरे रहेकी छन।

संघको सदस्यमा पुष्पराज दाहाल, बालकुमारी पौडेल, बिना कुमारी थापा, सरिता गुरुङ, दिनानाथ बराल, राम गुरुङ, राजु गिरी र रामशरण नेपाली रहेकाछन। दर्ता प्रमाणपत्र हस्तान्तरण गर्दै कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिङ गुरुङले पर्यटन क्षेत्रको विकासमा सञ्चारमाध्यम र पत्रकारिताको भूमिका महत्त्वपूर्ण रहेको बताए। नेपालको प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा र पर्यटकीय सम्भावनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन पत्रकारिताले योगदान पुऱ्याउन सक्ने उनको भनाइ थियो। उनले हरेक गतिविधिमा सुरक्षालाई पहिलो प्राथमिकता दिनसमेत आग्रह गरे।

संघका अध्यक्ष बास्तोलाले नेपाल पर्यटन पत्रकार संघलाई पत्रकारहरूको साझा संस्थाका रूपमा अघि बढाउने बताए। पर्यटन क्षेत्रको विकासका लागि प्रचारप्रसारसँगै खोजमूलक पत्रकारितालाई प्राथमिकता दिने उनको भनाइ थियो। सम्भावना भएर पनि ओझेलमा परेका पर्यटकीय गन्तव्य, कला, संस्कृति, प्राकृतिक सम्पदा र स्थानीय पर्यटन व्यवसायलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउने काममा संघ केन्द्रित हुने उनको भनाई छ। पर्यटन पत्रकारहरूको क्षमता अभिवृद्धि, व्यावसायिक हकहितको संरक्षण र पर्यटन क्षेत्रका सरोकारवालासँग सहकार्य गर्दै अघि बढ्ने बताए। संघले आगामी दिनमा गर्ने कामबारे पहिलो बैठकपछि सार्वजनिक गर्ने उनको भनाई छ।

संघका महासचिव घनश्याम पाण्डेले संघ स्थापनाको उद्देश्य पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनमा पत्रकारिताको भूमिकालाई थप प्रभावकारी बनाउनु रहेको बताए। उनले पर्यटकीय गन्तव्यको पहिचान, खोज तथा प्रचारप्रसार गर्दै पर्यटन क्षेत्रका सम्भावनालाई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा चिनाउने कामलाई संघले प्राथमिकता दिने बताए।

सक्षम स्थानीय तहबाटै सङ्घीयताको अनुभूति हुन्छ : अध्यक्ष ओली

रासस
काठमाडौं, ४ मंसिर

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले स्थानीय तह सक्षम र सबल भएमात्र जनताले सङ्घीयताको वास्तविक अनुभूति गर्न पाउने बताउनुभएको छ।

ललितपुरको च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा शुक्रबार एमालेका स्थानीय तहका जनप्रतिनिधिको भेलालाई सम्बोधन गर्दै उहाँले स्थानीय तहको सबलीकरणले विकास निर्माणका कामलाई गति दिने बताउनुभयो।

उहाँले स्थानीय तहलाई स्वायत्त बनाउनुपर्नेमा जोड दिँदै कार्यकारी, विधायिकी र न्यायिक अधिकार प्रदान गर्नुपर्ने बताउनुभयो। स्थानीय तहको सबलीकरणले देशलाई कुनै हानि नगर्ने उहाँको भनाइ थियो। कार्यक्रममा एमाले महासचिव शङ्कर पोखरेलले जनप्रतिनिधिलाई जनताको आलोचना होइन, विश्वास जित्नेगरी काम गर्न आग्रह गर्नुभयो। उहाँले निर्वाचनका बेला जनतासँग देखाएको विनम्रता निर्वाचित भएपछि पनि कायम राख्नुपर्ने बताउनुभयो। जनप्रतिनिधिले जनअपेक्षाअनुसार काम गरे वा नगरेको मूल्याङ्कन आगामी निर्वाचनबाट हुने उल्लेख गर्दै महासचिव पोखरेलले एमालेका जनप्रतिनिधिलाई सुशासनको नेतृत्व गर्न आग्रह गर्नुभयो। भेलामा देशभरबाट एमालेका तर्फबाट निर्वाचित स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्षको सहभागिता रहेको छ।

महिला हिंसा अन्त्य गरौं

- महिला माथि हुने सबै प्रकारको हिंसा कानुनी अपराध हो,
- कुनै प्रकारको हिंसा भएमा उजागर गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- सहयोगका लागि महिला हेल्पलाइन नं. ११४५ वा सम्बन्धित निकायमा सम्पर्क गरौं।



नेपाल सरकार
विज्ञापन बोर्ड

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

तुलसी र दामोदरको विवाह गरी हरिबोधिनी एकादशी मनाइयो

रासस
काठमाडौं, ४ मंसिर



औषधीय गुणले युक्त तुलसीको विवाह दामोदरसँग गरी हरिबोधिनी एकादशी पर्व आज देशभर मनाइएको छ । हरिशयनी एकादशीदेखि हरिबोधिनी एकादशीका दिनसम्म चार महिना विष्णुका भक्तले तुलसीको व्रत गरी विशेष पूजा गर्दै आएकामा आज दामोदरसँग विवाह गरी पर्व सम्पन्न गरिएको हो ।

प्रत्येक वर्ष कार्तिक शुक्ल एकादशीका दिनमा भगवान् विष्णुको प्रतीकका रूपमा तुलसीको विशेष पूजा आराधना गरिन्छ । आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिनमा क्षीरसागरमा सुतेका विष्णु आज ब्युँझिने भएकाले यो एकादशीलाई हरिबोधिनी वा प्रवोधिनी एकादशी पनि भनिएको जानकारहरू बताउँछन् ।

हरिशयनी एकादशीका दिन घरघरमा रोपेर विशेष पूजा गरिएको तुलसीको मठमा गाईको गोबर र रातो माटोले पोतेर सिँगारी फूल मालाले सजाएर आज विवाह गरिन्छ । तुलसी विष्णुप्रिया भएकाले यस दिन तुलसीको दामोदरसँग विवाह गर्ने परम्परा बसेको हो । तुलसीको मठ नजिकै विष्णुको प्रतीकका रुपमा निगालाको लिङ्ग गाडेर विधिपूर्वक पूजा गरिन्छ । कार्तिक महिनाभर सबै देवदेवी तुलसीमै निवास गर्छन् भन्ने धार्मिक विश्वास छ ।

आदिकालदेखि पूजाको परम्परा बसेको तुलसीको महिमा वैज्ञानिक रूपमा पनि लाभदायक प्रमाणित भएको छ । यसैले तुलसीको मठ हुने घरलाई तीर्थ समान मानिन्छ । तुलसीको सुगन्धले दश दिशा पवित्र हुन्छ भनिन्छ । तुलसीको पूजा गरिएको घरमा यमदूत पनि पस्दैनन् भन्ने आस्थाका कारण हिन्दू धर्मावलम्बीले घरमा तुलसीको मठ बनाउँछन् । तुलसीको पात, डाँठ, वा फूलको रस रुघाखोकी, औलोलगायत रोगका लागि औषधि हुन्छ । यो रस शरीरमा लगाएर सुतेमा लामखुट्टेले टोक्दैन । तुलसीको मठ भएको स्थल वरपर विषालु सर्प पनि आउँदैन । मठको वरपर वहने हावाले विषालु कीटाणुलाई नष्ट गर्दछ । शरद ऋतुभर सबै प्राणीका लागि तुलसीलाई महा औषधि मानिन्छ । तुलसीबाट बनेको चिया मानव शरीरमा रोग प्रतिरोधी क्षमता वृद्धि गर्न उपयुक्त मानिन्छ । कार्तिक महिनामा तुलसीको माला लगाउँदा र एक लाख तुलसीपत्र विष्णुलाई अर्पण गर्दा मनोकामना पूरा हुन्छ भन्ने विश्वास छ । गरुड पुराणमा उल्लेख भएअनुसार यस महिनामा एउटा तुलसीपत्र भगवान् विष्णुलाई अर्पण गर्दा १० हजार गाई दान गरेबराबरको फल मिल्दछ । आजको दिन अन्न खान नहुने भएकाले सखरखन्ड, पिँडालु र वनतरुल उसिनेर फलाहार गरिन्छ । यसरी व्रत गरेमा पापको नास भई पुण्य वृद्धि हुने र मोक्ष प्राप्ति हुन्छ भन्ने धार्मिक विश्वास छ । ठूलो एकादशी पनि भनिने आजको एकादशी व्रतले हजार अश्वमेध यज्ञ तथा राजसूय यज्ञ गरे बराबरको फल पाइने शास्त्रीय मान्यता छ । कार्तिक महिनामा भगवान् विष्णुलाई भक्तिपूर्वक सम्झी गरिएको स्नान, दान, जप र होमले फल पाइने एवं सय जन्मका पापबाट मुक्ति मिल्ने प्रसङ्ग विभिन्न ग्रन्थमा वर्णन गरिएको धर्मशास्त्रविद् प्रा डा देवमणि भट्टराईले बताउनुभयो । उहाँका अनुसार विष्णु क्षीरसागरमा सुतेकाले यी चार महिना विवाह ब्रतवन्धजस्ता माङ्गलिक कार्य नगरिने परम्परा छ । यस समयमा खोला, नदी नालामा बाढी पहिरो आउने र सर्पजस्ता जीवको भयका कारण यात्रा नगर्नु शुभ मानिन्छ । आजका दिन काठमाडौं उपत्यकाका चार नारायण, भक्तपुरको चाँगुनारायण, ललितपुरको विशङ्खुनारायण, काठमाडौंकाशेषनारायणरइचँगुनारायण स्थानमा विशेष मेला लागेको छ । यहाँ जान नसक्नेले काठमाडौंको उत्तरमा रहेका बूढानीलकण्ठ नारायणस्थानको दर्शन गर्दा चार नारायणको दर्शन र पूजा गरे बराबरको फल पाइने विश्वास गरिन्छ । यसै विश्वासले आज बूढानीलकण्ठमा पनि लाखौं भक्तजनको भीड लागेको थियो । आजै देशभरका नारायण मन्दिरमा विशेष पूजा गरी यो पर्व मनाइएको छ ।

वर्षमा एक दिन धेरै दर्शनार्थीले पूजा आराधना गर्न आउने गरेकाले दक्षिणकालीको शेषनारायण मन्दिरमा विशेष व्यवस्था गरिएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ । यसैगरी भक्तपुरको चाँगुनारायण र ललितपुरको विशङ्खुनारायण मन्दिरमा पनि भक्तजनको भीड लागेको थियो । नारायणहिटी दरबार क्षेत्रमा रहेको चतुर्व्युह नारायण मन्दिरमा पनि आज बिहानैदेखि भक्तजनको लाम लागेको थियो । उपत्यकाका चार नारायण जान नसक्नेका लागि यो मन्दिरको निर्माण गरिएको मान्यता रहिआएको छ ।

नेपाली क्रिकेट टोलीले सन् २०२७ मा इङ्ल्यान्डमा छ खेल खेल्ने

पोखरापत्र संवाददाता
पोखरा, ४ मंसिर

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले सन् २०२७ मा इङ्ल्यान्ड भ्रमण गरी स्कटल्यान्ड, बङ्गलादेश र आयरल्यान्डसँग छ खेल खेल्ने भएको छ ।

नेपाल क्रिकेट सङ्घ (क्यान)ले बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गरी भ्रमणको खेलतालिका सार्वजनिक गरेको हो । भ्रमणका क्रममा नेपालले जुन १ मा स्कटल्यान्डसँग एकदिवसीय खेल खेल्दै भ्रमणको सुरुआत गर्नेछ । त्यसपछि जुन ३ मा इङ्ल्यान्डको ऐतिहासिक क्रिकेट मैदान लड्र्समा बङ्गलादेशसँग टी-२० अन्तरराष्ट्रिय खेल खेल्नेछ । नेपालले जुन ६ मा आयरल्यान्डसँग एकदिवसीय तथा जुन ९, ११ र १२ मा सोही टोलीसँग तीन टी-२० अन्तरराष्ट्रिय खेल खेल्ने क्यानले जनाएको छ ।

मेरिलेबोन क्रिकेट क्लब (एमसिसी)को सहकार्यमा हुन लागेको भ्रमणलाई नेपाल र एमसिसीबीच पछिल्ला वर्षमा विकसित हुँदै गएको घनिष्ठ सम्बन्धको उदाहरणका रूपमा लिइएको छ । दुवै संस्थाले नेपालमा क्रिकेटको विकास, युवा खेलाडीलाई अवसर प्रदान तथा अन्तरराष्ट्रिय साझेदारी विस्तारका क्षेत्रमा सहकार्य गर्दै आएका छन् ।

एमसिसी फाउन्डेसनले सन् २०१९ देखि नेपालमा क्रिकेटमार्फत सकारात्मक सामाजिक परिवर्तन ल्याउने उद्देश्यले विभिन्न परियोजना सञ्चालन गर्दै आएको छ । क्रिकेटमा सहभागिता र नेतृत्व विकासलाई प्राथमिकता दिँदै क्यानसँगको सहकार्यमा कोशी र मधेस प्रदेशमा कार्यक्रम सञ्चालन भइरहेका छन् । एमसिसीका अनुसार गत वर्ष ती परियोजनामा ४५ हजारभन्दा बढीले सहभागिता जनाएका थिए । एमसिसीले गत वर्ष नेपाल प्रिमियर लिग (एनपिएल) सँगको सहकार्यमा 'स्पिरिट अफ क्रिकेट अवार्ड' पनि सुरु गरेको थियो । पत्रकार सम्मेलनमा एमसिसीका प्रमुख कार्यकारी तथा सचिव रोबर्ट लसनले नेपाल र क्यानसँगको सम्बन्ध पछिल्ला वर्षमा उल्लेखनीय रूपमा बलियो बनेको बताउनुभयो । उहाँले नेपालमा क्रिकेटप्रतिको असाधारण लगाव आफूहरूले प्रत्यक्ष अनुभव गरेको उल्लेख गर्दै खेलले मानिसलाई एकताबद्ध बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो ।

क्यानका सचिव पारस खड्का ले लड्र्समा पुनः खेल्न पाउनु नेपाली क्रिकेटका लागि गर्व र सम्मानको विषय भएको बताउनुभयो । एमसिसीसँगको निरन्तर साझेदारीले नेपालको क्रिकेट विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्दै उहाँले बङ्गलादेश क्रिकेट बोर्ड, क्रिकेट आयरल्यान्ड, क्रिकेट स्कटल्यान्ड र इङ्ल्यान्ड तथा वेल्स क्रिकेट बोर्ड (इसिबी)लाई सहयोगका लागि धन्यवाद दिनुभयो । क्यानका अध्यक्ष चतुरबहादुर चन्दले बङ्गलादेशजस्तो अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)को पूर्ण सदस्य राष्ट्रसँग लड्र्समा खेल्न पाउनु नेपाली क्रिकेटका लागि ऐतिहासिक उपलब्धि हुने बताउनुभयो । उहाँले यस अवसरका लागि एमसिसी, इसिबी, बिसीबी, क्रिकेट स्कटल्यान्ड र क्रिकेट आयरल्यान्डप्रति आभार व्यक्त गर्नुभयो ।

स्थानीय र प्रदेशसभाको निर्वाचन एकैपटक गर्न दलहरूसँग परामर्श

रासस
काठमाडौं, २६ कार्तिक

निर्वाचन आयोगले स्थानीय तह र प्रदेशसभाको निर्वाचन एकैपटक वा फरक-फरक समयमा गर्ने भन्ने विषयमा राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दलका शीर्ष नेताहरूसँग परामर्श गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रवक्ता जगदीश खरेलले स्थानीय र प्रदेशसभाको निर्वाचन एकैपटक गर्न सकिने सम्भावनाका साथै आर्थिक एवं व्यावहारिक पक्षबारे पनि छलफल भएको जानकारी दिनुभयो । यी विषयमा सहमतिमा निर्णय हुनुपर्नेमा शीर्ष नेताहरूले जोड दिनुभएको उहाँले बताउनुभयो ।

उच्चस्तरीय राजनीतिक संयन्त्रमा निर्वाचनसम्बन्धी विषयमा छलफल गरी सहमति खोजिने, आवश्यकतानुसार संविधान वा कानुन संशोधनका लागि राजनीतिक संवाद गर्ने, विदेशमा रहेका नेपालीको मतदान अधिकार सुनिश्चित गर्ने, प्रविधिमैत्री निर्वाचन प्रणाली अपनाउने र बदर मत घटाउने विषयमा पनि छलफल भएको नेता खरेलले जानकारी दिनुभयो ।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले राजनीतिक दलसँग आयोगले संवाद गर्नु सकारात्मक भएको बताउनुभयो । निर्वाचन खर्च र व्यावहारिकताका हिसाबले स्थानीय र प्रदेशसभाको निर्वाचन एकैपटक गर्ने अभ्यास रहे पनि दुवै तहका जनप्रतिनिधिको कार्यकाल फरक समयमा सकिने भएकाले विशेष परिस्थिति उत्पन्न भएको उहाँले बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले दुवै तहको निर्वाचन एकैपटक गर्दा पाँच वर्षे कार्यकाल पूरा गर्नुपर्नेलगायत संवैधानिक विषयमा आगामी बैठकमा छलफल गरी निष्कर्षमा पुग्ने समझदारी भएको बताउनुभयो । विदेशमा रहेका नेपालीको मताधिकार सुनिश्चित गर्न आफूहरू सकारात्मक रहेको कथन थियो । प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्की र आयुक्तहरूले निर्वाचनसम्बन्धी कानुनी व्यवस्था र हालसम्मको तयारीबारे जानकारी दिनुभएको थियो । स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल २०८४ साल जेठ ५ गते र प्रदेशसभा सदस्यको कार्यकाल २०८४ साल चैत ५ गते पूरा हुँदैछ । कानुनी व्यवस्थानुसार दुवै तहको निर्वाचन कार्यकाल समाप्त हुनुभन्दा दुई महिना अगाडि गर्नुपर्ने छ ।

ट्राफिक कारबाहीबाट मुस्ताङमा करिब १३ लाख राजस्व संकलन

पोखरापत्र संवाददाता
मुस्ताङ, ४ मंसिर

मुस्ताङमा चालु आर्थिक वर्षको पहिलो चार महिनामा ट्राफिक नियम उल्लङ्घन गर्ने एक हजार २७० सवारीसाधनलाई कारबाही गर्दा रु १२ लाख ९६ हजार ५०० राजस्व सङ्कलन भएको छ ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी एवं प्रहरी निरीक्षक ईश्वर महतका अनुसार साउनदेखि कात्तिकसम्म बेनी-जोमसोम सडकमार्ग हुँदै मुस्ताङ भित्रिएका सवारीसाधनलाई ट्राफिक नियम उल्लङ्घन गरेको कसुरमा कारबाही गर्दा उक्त राजस्व सङ्कलन भएको हो । कार्यालयका अनुसार साउनमा २९५ सवारीसाधनलाई कारबाही गर्दा रु तीन लाख सात हजार ५००, भदौमा ४७५ सवारीसाधनलाई कारबाही गर्दा रु चार लाख ९० हजार, असोजमा १६२ सवारीसाधनलाई कारबाही गर्दा रु एक लाख ६४ हजार ५०० र कात्तिकमा ३३८ सवारीसाधनलाई कारबाही गर्दा रु तीन लाख ३४ हजार ५०० राजस्व सङ्कलन भएको छ ।

भदौमा सबैभन्दा बढी सवारीसाधन कारबाहीमा परेका छन् । असोजमा बाढीपहिरो र नदी कटानका कारण बेनी-जोमसोम सडकखण्ड दुई सातासम्म अवरुद्ध हुँदा सवारीसाधनको आवागमन घटेकाले कारबाही र राजस्व सङ्कलन पनि कम भएको प्रहरी निरीक्षक महतले बताउनुभयो ।

मुस्ताङमा सवारी दुर्घटना न्यूनीकरण तथा ट्राफिक नियम पालनाका लागि ट्राफिक प्रहरीले सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । चालु आर्थिक वर्षको पहिलो चार महिनामा ८६४ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको प्रहरीले जनाएको छ । ती कार्यक्रममा उच्च हिमाली क्षेत्रमा लेक लाग्ने समस्याबाट बच्ने उपाय, ट्राफिक नियमको पालना, सवारी दुर्घटना न्यूनीकरण तथा मादक र लागुऔषध सेवन गरी सवारी चलाउनेविरुद्धको सचेतना समेटिएका छन् ।

जिल्ला ट्राफिक कार्यालय मुस्ताङमा १० जनाको दरबन्दी रहेकामा हाल नौ जना कार्यरत छन् । तीमध्ये दुई जना म्याग्दी र मुस्ताङको सिमाना घाँसा प्रहरी चेकपोस्टमा खटिएका छन् भने सात जना सदरमुकाम जोमसोममा ट्राफिक व्यवस्थापनमा परिचालित छन् ।

पर्यटकीय याममा कागबेनी र मुक्तिनाथ क्षेत्रमा समेत ट्राफिक प्रहरी परिचालन गरिने प्रहरी निरीक्षक महतले बताउनुभयो ।

मधेसमा सरकार गठन अन्योलमा, समयसीमा थप्न तीन दलको आग्रह

रासस
काठमाडौं, २६ कार्तिक

मधेस प्रदेशमा नयाँ सरकार गठनका लागि सहमति जुट्न नसकेपछि नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले प्रदेश प्रमुखसँग दाबी पेस गर्ने समयसीमा थप गर्न आग्रह गरेका छन् ।

प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा नियुक्तिका लागि दाबी पेस गर्न दिएको समयसीमा आज साँझ ४ बजे सकिएको छ । तर, दलहरूबीच सरकारको नेतृत्व र गठन प्रक्रियाबारे सहमति जुट्न सकेको छैन । समयसीमा सकिन लागेपछि कांग्रेस, एमाले र नेकपाका नेताहरूले प्रदेश प्रमुखसमक्ष सरकार गठनका लागि दाबी पेस गर्ने समय थप गर्न लिखित आग्रह गरेका हुन् । नेकपाका संसदीय दलका नेता युवराज भट्टराईका अनुसार छठपर्व तथा एमालेको राष्ट्रिय भेलालगायतका कारण दलहरूबीच पर्याप्त छलफल हुन नसकेकाले थप समय माग गरिएको हो । उहाँले सरकार गठनबारे विभिन्न दलबीच छलफल जारी रहे पनि नेतृत्वका विषयमा ठोस सहमति भइनसकेको बताउनुभयो । यसैबीच, मधेश प्रदेशसभाको सबैभन्दा ठूलो दल जनता समाजवादी पार्टी (जसपा) नेपालले संविधानको धारा १६८ को उपधारा (३) बमोजिम सरकार गठन गर्न प्रदेश प्रमुखसँग आग्रह गरेको छ ।

प्रदेशसभामा सबैभन्दा ठूलो दलको हैसियतमा आफ्नो पार्टीका संसदीय दलका नेतालाई मुख्यमन्त्री नियुक्त गर्न जसपा नेपालका प्रदेशसभा सदस्य तथा पूर्वमुख्यमन्त्री लालबाबु राउतले आग्रह गर्नुभएको हो । जसपा नेपालका प्रदेशसभा सदस्यहरूले आज साँझ प्रदेश प्रमुखलाई भेटेर यस्तो आग्रह गरेका हुन् ।

यसअघि जनमत पार्टीका अध्यक्ष डा सिके राउतले आफ्नो पार्टी मधेश प्रदेश सरकारमा सहभागी नहुने बताउनुभएको थियो । नेपाली कांग्रेस नेतृत्वको सरकारलाई समर्थन दिएका एमाले र नेकपाले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री कृष्णप्रसाद यादवले पदबाट राजीनामा दिनुभएको थियो । त्यसपछि प्रदेश प्रमुख कर्णले नयाँ सरकार गठनका लागि संविधानको धारा १६८ को उपधारा (२) अनुसार दाबी पेस गर्न समयसीमा तोक्नुभएको थियो । कुल १०७ सदस्यीय मधेश प्रदेशसभामा जसपा नेपालका २८, एमालेका २४, कांग्रेसका २२, नेकपाका १५ र जनमत पार्टीका १२ सदस्य छन् । त्यस्तै, नेपाल सङ्घीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक/एक सदस्य छन् । प्रदेशसभामा कुनै पनि दलको एकल बहुमत नभएकाले सरकार गठनका लागि दलहरूबीच सहकार्य आवश्यक छ । तर, सरकारको नेतृत्व कसले गर्ने भन्नेमा सहमति जुट्न नसक्दा मधेश प्रदेशमा नयाँ सरकार गठन प्रक्रिया अन्योलमा परेको छ ।

दशौँ राष्ट्रिय खेलकुदका २३ खेल सुर्खेतमा, सात जिल्लामा प्रतियोगिता हुने

रासस
काठमाडौं, ४ मंसिर

दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत ३२ खेल कर्णाली र लुम्बिनी प्रदेशका सात जिल्लामा सञ्चालन हुने भएका छन् । तीमध्ये २३ खेल सुर्खेतमा हुनेछन् । राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले शुक्रबार सार्वजनिक गरेको खेल तालिकाअनुसार कर्णाली प्रदेशका पाँच र लुम्बिनी प्रदेशका दुई जिल्लामा प्रतियोगिता सञ्चालन गरिनेछन् ।

सुर्खेतमा एथलेटिक्स, फुटबल, क्रिकेट, हक्की, भलिबल, कबड्डी, कराते, ब्याडमिन्टन, फुलकन्ट्याक्ट कराते, टेबलटेनिस, उसु, तेक्वान्दो, जिम्न्यास्टिक, बक्सिङ, ह्यान्डबल, स्क्वास, बास्केटबल, आर्चरी, भारोत्तोलन, रग्बी, साइक्लिङ, ई-स्पोर्टस् र सेपाकताक्रो गरी २३ खेल सञ्चालन हुनेछन् । यी खेल वीरेन्द्रनगरस्थित मुख्य रङ्गशाला, कभर्डहल, सेनाको खेल मैदान, काँक्रेविहार र छिन्चुलगायत स्थानमा आयोजना गरिनेछ ।

त्यस्तै, बाँकेको नेपालगञ्जमा पौडी र सुटिङ, बर्दियामा टेनिस र खो-खो, सल्यानको श्रीनगर कभर्डहलमा कुस्ती र जुडो, दैलेखको नारायण कभर्डहलमा आईटीएफ तेक्वान्दो, कालीकोट कभर्डहलमा बुद्धिचाल तथा पश्चिम रुकुमको चौरजहारीमा शारीरिक सुगठन प्रतियोगिता सञ्चालन हुनेछन् । राखेपले प्राविधिक कारणले आवश्यक परे खेलस्थल परिवर्तन हुन सक्ने जनाएको छ । आगामी मङ्सिर १६ गते सुर्खेतको वीरेन्द्रनगरस्थित कर्णाली प्रदेश रङ्गशालामा प्रतियोगिताको उद्घाटन हुनेछ भने मङ्सिर २७ गते समापन हुनेछ । तर, उद्घाटन हुनुअघि नै मङ्सिर ८ गतेदेखि भलिबल, फुटबल, क्रिकेट, हक्की, सुटिङ, पौडी र टेनिसलगायत १० खेलका प्रतिस्पर्धा सुरु हुनेछन् ।

प्रतियोगितामा सात प्रदेश, तीन विभागीय टोली र गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) गरी ११ टोली सहभागी हुनेछन् । कुल ३८४ इभेन्ट्समा एक हजार ३३७ पदकका लागि प्रतिस्पर्धा हुनेछ ।

यस संस्करणदेखि रजत र कास्य पदक विजेतालाई पनि पहिलोपटक नगद पुरस्कार प्रदान गर्ने व्यवस्था गरिएको छ ।

तपाईको आज

मेष	: सत्कार मिल्नेछ	तुला	: कार्यमा सफलता
वृष	: मानसिक तनाब	वृश्चिक	: झमेला बढ्ने
मिथुन	: सहयोग मिल्नेछ	धनु	: शत्रुको भय
ककर्ट	: स्वास्थ्यमा सुधार	मकर	: ब्यापारमा लाभ
सिंह	: शुभ यात्रा	कुम्भ	: अप्रत्यसित लाभ
कन्या	: आर्थिक समस्या	मीन	: शारीरिक झमेला

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

प्रधानमन्त्रीको भारत भ्रमण: द्विपक्षीय हित र सम्बन्ध विस्तारमा केन्द्रित हुन पूर्वपरराष्ट्रमन्त्रीहरूको सुझाव

कमलकुमार बस्नेत
काठमाडौं, ४ मंसिर

पूर्वपरराष्ट्रमन्त्रीहरुले प्रधानमन्त्री वालेन्द्र शाहको आसन्न भारत भ्रमण दुई देशको हित, आपसी सम्बन्ध, व्यापार तथा 'केनेक्टिभिटी'लगायतका मुद्दामा केन्द्रित हुनुपर्ने सुझाव दिनुभएको छ।

उहाँहरुले नेपाल-भारतबीच लामो समयदेखिको जनस्तरको सम्बन्ध र आपसी विश्वासलाई अभिवृद्धि गर्दै दुई देशको हित हुने खालका सम्झौता गर्नुपर्नेमा जोड दिनुभयो। प्रधानमन्त्री शाह यही मङ्सिर ६ गते भारतको दुई दिने औपचारिक भ्रमणमा त्यसतर्फ जाँदै हुनुहुन्छ । उहाँ भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा भारत भ्रमणमा जान लाग्नुभएको हो । यसै सन्दर्भमा पूर्वपरराष्ट्रमन्त्री डा प्रकाशशरण महतले नेपालको मुख्य चासो र चिन्ता व्यापार घाटा भएकाले भ्रमणका क्रममा यसलाई प्राथमिकताका साथ उठान गर्न आवश्यक भएको बताउनुभयो । भ्रमणका क्रममा भारतसँगको व्यापारघाटा कम गर्ने उपायलाई प्राथमिकतामा राख्दै नेपालबाट हुनसक्ने सेवा तथा वस्तुको निर्यातमा सहजीकरणका सन्दर्भमा काम गर्नुपर्ने उहाँको भनाइ छ। त्यसैगरी, सीमासँग सम्बन्धित विषय र भैरहवा अन्तरराष्ट्रिय विमानस्थल र पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनको विषय पनि प्राथमिकताका साथ उठान गर्न आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो।

"नेपाल र भारतको सम्बन्ध विविधतामा आधारित छ, यो सम्बन्धलाई दीर्घकालीन विश्वासको सम्बन्धमा विकसित गराउनुपर्छ त्यसमा पनि विशेष ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो, "भ्रमणलाई फलदायी बनाउन दुवै देशका चासो र चिन्तालाई सम्बोधन हुने गरी कार्यक्रमहरु अगाडि बढाउनुपर्छ ।" उहाँले भारतको पनि चासोलाई मध्यनगर गर्दै हाम्रो संवेदनशीलता र राष्ट्रिय हित अनुकूल हुने गरी आफ्ना विषय भारतसामु राख्न आवश्यक भएको बताउनुहुन्छ । पूर्वपरराष्ट्रमन्त्री प्रदीप ज्ञवाली प्रधानमन्त्री शाहको भारत भ्रमण दुई देशबीचको विश्वासलाई बलियो बनाउने कुरामा केन्द्रित हुनुपर्ने बताउनुहुन्छ। "छिमेकीका जायज सरोकारहरू सुन्नुपर्छ र विश्वासको वातावरण निर्माण गर्नुपर्छ। त्यसैले यो भ्रमण मुख्य रूपमा विश्वास अभिवृद्धिमा केन्द्रित हुनुपर्छ भन्ने मलाई लाग्छ", उहाँले भन्नुभयो। उहाँका अनुसार नेपालका लागि थप हवाई रुटको विषय पनि महत्वपूर्ण छ।

नयाँ हवाई रुट उपलब्ध गराउने सन्दर्भमा सन् २०१८ मै भारत भ्रमणका क्रममा समझदारी भएको समेत उहाँले उल्लेख गर्नुभयो। त्यसबाहेक जलविद्युत् आयोजनाहरूको कार्यान्वयनलाई पनि प्राथमिकतामा राख्नुपर्ने उहाँको सुझाव छ। "नेपाल र भारत मिलेर आगामी दिनमा आर्थिक विकास तथा आर्थिक साझेदारीका क्षेत्रमा के-कस्ता काम गर्न सक्छौं, कस्तो मूल्य शृङ्ला निर्माण गर्न सक्छौं र कुन-कुन आयोजना अगाडि बढाउन सक्छौं भन्ने विषयमा पनि खुलस्त छलफल हुनुपर्छ । त्यसो हुन सके मात्रै यो भ्रमणले वास्तविक अर्थ राख्छ", उहाँले भन्नुभयो। यसैगरी, पूर्वपरराष्ट्रमन्त्री सुजाता कोइरालाले प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा विगतमा सरकारले अगाडि बढाउन खोजेका अधुरा कामलाई पूरा गर्नेतर्फ लाग्नुपर्ने सुझाव दिनुहुन्छ । उहाँका अनुसार आजका लागि महत्वपूर्ण विषय हवाईमार्गको हो । नेपालले थप हवाईमार्ग प्राप्त गर्न सकेको खण्डमा दुवै देशलाई फाइदा पुग्ने उहाँको विश्वास छ । "दुवै देशबीच थप हवाईमार्गमा सहमति भयो भने यसले क्षेत्रीय पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग गर्छ, दुवै देशका नागरिकको आवतजावत बढ्छ, व्यापार विस्तार हुन्छ र दुई देशबीचको सम्बन्ध थप प्रगाढ बनाउन मद्दत पुग्छ", उहाँले भन्नुभयो । उहाँका अनुसार नेपालले उठाएका माग र प्रस्तावमध्ये कुन-कुन विषय सम्भव छन् भन्नेबारे पनि आपसी समझदारी आवश्यक छ। साथै सबै पक्षलाई राम्रोसँग बुझ्नेर सहकार्य गर्न सके दुवै देश लाभान्वित हुने उहाँको भनाइ छ । पूर्वपरराष्ट्रमन्त्री उपेन्द्र यादवले प्रधानमन्त्री शाहको भारत भ्रमणका क्रममा दुई देशको सम्बन्धलाई परस्पर विश्वास अभिवृद्धिमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो । दुई देशको सम्बन्धमा अलि तिक्तताजस्तो देखिएको थियो, त्यसलाई आपसी समझदारीसहित विश्वासमा बदल्नुपर्नेमा उहाँले जोड दिनुभयो।

उहाँले भन्नुभयो, "भ्रमणलाई फलदायी बनाउन दुवै देशको हितमा हुने गरी लगानी, विकास र व्यापारलाई प्राथमिकतका दिनुपर्छ, यी तीन वटा क्षेत्रमा ध्यान दिन सकियो भने समृद्धिको दिशातर्फ अगाडि बढ्न सकिन्छ । यसका लागि पहिले परस्पर विश्वास र मित्रता आवश्यक छ।" उहाँका अनुसार नेपाल-भारतबीचमा रहेका पारवहनका समस्या, हवाईमार्ग र सीमामा देखिएका विवादलाई समाधान गर्न पनि आवश्यक छ । त्यसबाहेक सुरक्षाका विषयमा एक अर्कालाई बुझाउने र आश्वस्त पार्ने वातावरण निर्माण बनाउन जरुरी भएको उहाँले उल्लेख गर्नुभयो। त्यसैगरी दुई देशबीचको सीमामा नागरिकले भोग्नु परेको समस्या समाधानमा पनि ध्यान दिन आवश्यक रहेको पूर्वपरराष्ट्रमन्त्री यादवले बताउनुभयो । उहाँले भन्नुभयो, "भारत भ्रमणका क्रममा नेपालमा जलस्रोतको विकास, बिजुलीको व्यापार पनि महत्वपूर्ण विषय हो, बङ्गलादेशमा विद्युत् निर्यातका लागि पनि भारतको साथ हामीलाई आवश्यक हुन्छ, त्यसमा पनि होसियारीका साथ अगाडि बढ्नुपर्ने आवश्यक छ।"

पूर्वपरराष्ट्रमन्त्री विमला राई पौडेल प्रधानमन्त्री शाहको भारत भ्रमणका क्रममा राजनीतिक र जनताका दैनिकीसँग जोडिएका दुई वटा विषयलाई छुट्टाछुट्टै रुपमा हेरिनुपर्ने बताउनुहुन्छ।

"म भ्रमणको विषयलाई मुख्यतः दुई खेमामा विभाजन गर्छु । पहिलो, राजनीतिक प्रकृतिका विषय हुन्, जसमा धेरै गृहकार्य आवश्यक छ । त्यसका लागि सम्बन्धित समिति र निकायसँग आवश्यक तयारी गर्नुपर्छ। यस्ता विषयमा नेपालको धारणा स्पष्ट रूपमा राख्दै समाधानका लागि पहल गर्नुपर्छ", उहाँले भन्नुभयो, "दोस्रो, जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका विषय हुन् । यसमा व्यापार घाटाको विषय पनि पर्छ। बेला-बेलामा निर्यात रोकिदिने र त्यसले नेपालमा अभाव सिर्जना गर्ने अवस्था पनि देखिएको छ।"

उहाँका अनुसार हवाई मार्गको विषय पनि त्यत्तिकै महत्त् वपूर्ण छ । त्यसबाहेक विद्युत् व्यापार, ठूला भौतिक पूर्वाधारका आयोजनालाई प्राथमिकताका साथ उठान गरिनुपर्ने उहाँको भनाइ छ।

सात वर्षमा पनि बनेन मुस्ताङको लेते-धम्पु पुल

पोखरापत्र संवाददाता
मुस्ताङ, ४ मंसिर



मुस्ताङको थासाङ गाउँपालिकाका तीन वडा जोड्ने कालीगण्डकी नदीमाथिको लेते-धम्पु मोटरेबल पुल निर्माण सात वर्ष बितिसक्दा पनि सम्पन्न हुनसकेको छैन। निर्माणमा चरम ढिलासुस्ती हुँदा पुल पछिल्लो १० महिनादेखि अलपत्र परेको छ।

गण्डकी प्रदेश सरकारको पूर्वाधार विकास मन्त्रालयअन्तर्गत पूर्वाधार विकास कार्यालय मुस्ताङमार्फत निर्माण भइरहेको उक्त पुल थासाङ गाउँपालिकाका वडा नं २, ३ र ५ जोड्ने गरी निर्माण गर्न लागिएको हो । पुलले बेनी-जोमसोम सडकसँगै कालीगण्डकी नदीपारिका धप्पु, सिर्खुम, सौरु, टिटी, कुञ्जो र ताक्लुङलगायत गाउँलाई ग्रामीण सडक सञ्जालसँग जोड्नेछ।

पुल निर्माणका लागि विसं २०७६ फागुन २९ गते देव एण्ड सायर कन्स्ट्रक्सनसँग रु पाँच करोड पाँच लाखमा ठेक्का सम्झौता भएको थियो । हालसम्म पाँचपटक म्याद थप गरिए पनि निर्माण सम्पन्न हुनसकेको छैन। पूर्वाधार विकास कार्यालयका प्रमुख रविन चोख्यालका अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (क) को उपनियम ३ बमोजिम पुल निर्माणको पछिल्लो म्याद चालु आर्थिक वर्षको असार मसान्तसम्म कायम गरिएको छ । पुलको हालसम्म ७७ प्रतिशत भौतिक र ७४ प्रतिशत वित्तीय प्रगति भएको उहाँले जानकारी दिनुभयो । कालीगण्डकी नदीमाथि निर्माणाधीन पुलको लम्बाइ ३५ मिटर र फुटपाथसहित चौडाइ आठ दशमलव चार मिटर छ। ठेक्का पाएको निर्माण कम्पनीले सहायक निर्माण कम्पनी (पेटी ठेकेदार) मार्फत काम गराउँदै आएको छ। निर्माण कम्पनीलाई पटकपटक काम अघि बढाउन ताकेता गरिए पनि सहायक ठेकेदारका प्रतिनिधिको बेवास्ता र ढिलासुस्तीका कारण निर्माण रोकिएको प्रमुख चोख्यालले बताउनुभयो। उहाँका अनुसार पुल निर्माण कम्पनीका प्रतिनिधि र सरोकारवालालाई सहभागी गराएर निर्माण सम्पन्न गर्ने प्रतिबद्धता सुनिश्चित गर्न बैठकको तयारी भइरहेको छ । पुलका दुवैतर्फका एबुटमेन्टको क्याप लेभलसम्मको काम सम्पन्न भएको छ। अब स्ल्याब ढलान, एप्रोज सडक, पुलसँग सम्बन्धित अन्य संरचनात्मक काम, फिनिसिङ तथा सहायक काम पूरा गरी पुल सञ्चालनयोग्य बनाएर हस्तान्तरण गर्न बाँकी रहेको कार्यालय प्रमुख चोख्यालले जानकारी दिनुभयो।

कालीगण्डकी नदीपारिका गाउँलाई जोड्नेगरी सङ्घीय सरकारअन्तर्गत डिभिजन सडक कार्यालय बागलुङमार्फत कालोपत्र सडक निर्माण भने सम्पन्न भइसकेको छ। स्थानीय नवीन शेरचनले पुल निर्माणमा भइरहेको ढिलाइ दुर्भाग्यपूर्ण भएको बताउनुभयो । निर्माण कम्पनीले तदारुकता देखाएको भए चार वर्षअघि नै पुल निर्माण सम्पन्न भइसक्ने उहाँको भनाइ छ। पुल निर्माण सम्पन्न भएमा थासाङ गाउँपालिकाका तीन वडाका बासिन्दालाई मुख्य राजमार्गसम्म आवतजावत गर्न सहज हुनुका साथै कृषि उपजको बजारीकरण, विकास निर्माण र पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

पर्वतारोहणबाट ३३ करोड ४२ लाख आम्दानी

रासस
काठमाडौं, २६ कार्तिक

सरकारले चालु आवमा १८८ टोलीलाई ४८ वटा हिमाल आरोहणको अनुमति दिएर रु ३३ करोड ४२ लाख ३४ हजार २२६ राजस्व सङ्कलन गरेको छ।

मनास्लु आरोहणका लागि अनुमति लिएका ४३ टोलीका ५०० जनाबाट रु २२ करोड ५८ लाख ५७ हजार १८९, धौलागिरि-१ आरोहणमा जाने ३७ जनाबाट रु ८४ लाख ७३ हजार ६५० र मकालु आरोहण गर्ने तीन आरोहीबाट रु छ लाख ८८ हजार ५० राजस्व प्राप्त भएको हो । यसैगरी, हिम्लुङ आरोहण दलका १३० जनाबाट रु ७९ लाख ७४ हजार २० र आमादब्लम आरोहणका टोलीका ४७६ जना आरोहीले रु सात करोड १३ लाख ४७ हजार १०० सलामी दस्तुर राज्यकोषमा दाखिला गरेका छन्।

एनपिएल फाइनल: लुम्बिनी उपाधि जोगाउने, सुदूरपश्चिम इतिहास रच्ने दाउमा

रासस
काठमाडौं, ४ मंसिर

नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणको उपाधिका लागि साविक विजेता लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्सबीच शनिबार प्रतिस्पर्धा हुँदैछ।

लुम्बिनी लगातार दोस्रोपटक उपाधि जित्ने लक्ष्यमा छ भने लगातार तेस्रोपटक फाइनल पुगेको सुदूरपश्चिम पहिलो उपाधिको खोजीमा छ।

कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा हुने फाइनलअघि आज यहाँ आयोजित पत्रकार सम्मेलनमा दुवै टोलीका कप्तानले उपाधि जित्ने आत्मविश्वास व्यक्त गर्नुभयो।

लुम्बिनीका कप्तान रोहित पौडेलले पर्याप्त विश्राम र अभ्यासपछि टोली फाइनलका लागि तयार रहेको बताउनुभयो । उहाँका अनुसार टोलीले तीन दिनको विश्राममध्ये दुई दिन आराम र एक दिन अभ्यासमा बिताएको थियो।

लिग चरणमा शीर्ष स्थान हासिल गर्दै प्लेअफमा पुगेको र जितको लय कायम राखेको भए पनि फाइनलमा त्यसले मात्र नतिजा निर्धारण नगर्ने पौडेलले बताउनुभयो । क्रिकेट सामूहिक प्रदर्शनमा निर्भर रहने खेल भएकाले उपाधि जित्न मैदानमा उत्कृष्ट प्रदर्शन गर्नुपर्ने उहाँको भनाइ थियो।

एनपिएलमा सुदूरपश्चिमविरुद्ध पछिल्ला तीन खेल जितेको भए पनि उसलाई कमजोर आँक्न नहुने पौडेलले बताउनुभयो। सुदूरपश्चिम बलियो प्रतिद्वन्द्वी भएकाले फाइनलमा उत्कृष्ट खेल प्रदर्शन गर्नुपर्ने उहाँको भनाइ थियो।

लगातार दोस्रोपटक कप्तानका रूपमा उपाधि जित्ने अवसरलाई व्यक्तिगत उपलब्धिभन्दा पनि टोलीको सफलताका रूपमा लिएको उहाँले बताउनुभयो । फाइनलसम्म आइपुग्न सबै खेलाडीले मिहिनेत गरेकाले उपाधि जित्नु टोलीका लागि महत्त्वपूर्ण रहेको उहाँको भनाइ थियो।

सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीले पहिलो क्वालिफायरमा लुम्बिनीसँग व्यहोरेको हारको बदला लिँदै उपाधि जित्ने लक्ष्य रहेको बताउनुभयो। उहाँले लुम्बिनीको बलियो बलिङ आक्रमणलाई फाइनलको मुख्य चुनौतीका रूपमा लिएको उल्लेख गर्नुभयो।

फाइनलका लागि टोलीको तयारी राम्रो भइरहेको बताउँदै ऐरीले लुम्बिनीको बलिङ सामना गर्ने रणनीतिमा विशेष ध्यान दिइएको जानकारी दिनुभयो। जारी प्रतियोगितामा विदेशी खेलाडी आउने र जाने क्रमले टोलीको संयोजनमा परिवर्तन गर्नुपरेको उहाँले बताउनुभयो । विदेशी खेलाडी बाहिरिँदा नयाँ खेलाडी भित्र्याउनुपर्ने अवस्थाले ब्याटिङ क्रम व्यवस्थापनमा चुनौती थपिएको उहाँको भनाइ थियो।

लगातार तेस्रोपटक फाइनल पुगेको सुदूरपश्चिम यसअघि दुवै संस्करणमा उपविजेतामा सीमित भएको थियो । यसपटक भने टोली पहिलोपटक उपाधि जित्ने लक्ष्यसहित मैदानमा उत्रनेछ।

विपद् प्रभावित क्षेत्रको अध्ययन तथा अनुगमनमा संसदीय विशेष समिति

पोखरापत्र संवाददाता
म्याग्दी, ४ मंसिर

राष्ट्रियसभाअन्तर्गतको भोटेकोशी एवं कालीगण्डकी करिडोर विपद्सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले म्याग्दी र पर्वतका विपद् प्रभावित क्षेत्रको स्थलगत अध्ययन तथा अनुगमन गरेको छ।

समितिका सभापति कृष्णप्रसाद पौडेलको नेतृत्वमा रहेको टोलीले म्याग्दीको बेनी नगरपालिका-४ सिङ्गा र पर्वतको जलजला गाउँपालिका-८ फर्सेलगायत प्रभावित क्षेत्रको अनुगमन गर्नुका साथै स्थानीय जनप्रतिनिधि र सरोकारवालासँग छलफल गरेको हो।

समितिका सभापति पौडेलले विपद् प्रभावित क्षेत्रको स्थलगत अध्ययन तथा स्थानीय तहका जनप्रतिनिधि र नागरिकसँगको छलफलबाट क्षतिको विवरण तथा प्रभावितका समस्या सङ्कलन गरिएको बताउनुभयो।

गत मनसुनमा कालीगण्डकी र यसका सहायक नदीमा आएको बाढीले पुऱ्याएको क्षतिको अवस्था बुझ्न अनुगमन गरिएको उहाँले जानकारी दिनुभयो । विपद्पछिको पुनःस्थापना र पुनर्निर्माणका लागि स्पष्ट मार्गचित्र तयार गरी सरकारलाई सुझाव दिन समिति गठन गरिएको हो।

अनुगमनका क्रममा स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दल र सरोकारवालाले विपद् व्यवस्थापनसम्बन्धी कार्यविधि संशोधन गरी व्यावहारिक बनाउन, घरबारविहीनको जग्गा व्यवस्थापन गर्न तथा भूगर्भविद्को अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराएका थिए।

समितिलाई म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले विपद्बाट भएको क्षति, राहत तथा व्यवस्थापनका लागि हालसम्म भएका काम र भावी योजनाबारे जानकारी गराउनुभएको थियो। राष्ट्रियसभाले विपद् प्रभावितको पुनःस्थापना, भौतिक संरचनाको पुनर्निर्माण, जोखिम न्यूनीकरण तथा जलवायु न्यायका लागि आवश्यक मार्गचित्र सिफारिस गर्न समिति गठन गरेको हो । समितिले विपद्सम्बन्धी अध्ययन, अनुसन्धान तथा अनुगमन गरी राष्ट्रियसभामा प्रतिवेदन पेस गर्ने सभापति पौडेलले बताउनुभयो।

आगामी पुस मसान्तसम्म कार्यावधि रहेको समितिले स्थलगत अध्ययनलाई तीव्रता दिएको छ। टोलीमा राष्ट्रियसभा सदस्यहरू गीता देवकोटा, घनश्याम रिजाल, श्रीकृष्णप्रसाद अधिकारी, सम्झना देवकोटा, सोमनाथ पोर्तेल, पूजा चौधरी र तुलप्रसाद विश्वकर्मा सहभागी हुनुहुन्छ।

चितवनमा धान उत्पादन आठ प्रतिशतले वृद्धि

रासस
चितवन, ४ मंसिर

जिल्लामा धान उत्पादनमा आठ प्रतिशतले वृद्धि भएको छ।

जिल्लामा धान उत्पादनको क्षेत्रफल घटे पनि उत्पादन भने बढेको छ।

जिल्ला कृषि बिकास कार्यालय, चितवनका अर्थविज्ञ निर्मल पौडेलका अनुसार गत वर्षको तुलनमा यस वर्ष ५६ हेक्टर क्षेत्रफल जग्गामा धानखेती कम भए पनि उत्पादन भने बढेको हो । धान लगाउने जमिनमा सुन्तला, कागती र तरकारीखेती गरेकाले क्षेत्रफल घटेको हो।

गत वर्ष २७ हजार ३२४ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो।

यस वर्ष २७ हजार २६८ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको छ। यस वर्ष एक लाख ४७ हजार २५२ दशमलव ३३ मेट्रिक टन धान उत्पादन भएको छ । गत वर्ष एक लाख ३५ हजार ५७६ मेट्रिक टन धान उत्पादन भएको थियो।

जिल्लामा सावा मन्सुली, राम, सावित्री, हर्दिनाथ ५, सावा सव १, गंगोत्री, ताइचुङ, हर्दिनाथ ६, काँशीनाथ, मक्कावाला, कुवेर, कावेरी, गोरखनाथ, एमपिआर ५०५ लगायतका जातको धानखेती गरिएको थियो ।यस वर्ष जिल्लामा धानखेतीका लागि उपयुक्त वातावरण बन्नु र रोगको सङ्क्रमण कम रहेका कारण उत्पादन बढेको उहाँले बताउनुभयो।

उहाँले अनुसार यस वर्ष मौसमले साथ दिएको, किसानले समयमा मल प्राप्त गरेको, किसानले धानखेती समयमा भित्र्याउन सकेका कारण उत्पादन बढेको बताउनुभयो।

सार्वजनिक सूचना

पर्वत जिल्ला भुके देउराली वडा नं २ बस्ने डम बहादुर गुरुङको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ६, नारेश्वर को कित्ता नं. १५३ को क्षेत्रफल ३९६२५ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पश्चिम तर्फ कि.नं. १२ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ६ को वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।